आज मिति २०८१ साल कार्तिक ११ गते आइतवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री गोपाल राई | |
| ५ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ६ | सदस्य | श्री राम प्रसाद राई | |
| ७ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ८ | सदस्य | श्री नविन राई | |
| ९ | सदस्य | श्री सन्तोष राई | |
| १० | सदस्य | श्री रोशन मगर | |
| ११ | सदस्य | श्री बालदिप राई | |
| १२ | सदस्य | श्री सुक माया राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/६/११

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालाङ्ग, भोजपुर

८१/६/११
अशोक राई
अध्यक्ष

---

**प्रस्तावहरु**

१. गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृतिको लागि छनौट सम्वन्धमा
२. स्वास्थ्य तर्फको नपुग हुने शसर्त वजेट माग सम्वन्धमा
३. आमचोक आधारभूत अस्पताल भवन निर्माणको रकम माग सम्वन्धमा
४. औषधी खरीद सम्वन्धमा
५. कार्यविधि निर्माण उपसमिति गठन सम्वन्धमा
६. तालिम गोष्ठीको लागि सहजकर्ता छनौट सम्वन्धमा
७. अनुगमन योजना स्वीकृति सम्वन्धमा
८. आमचोक गाउँपालिकाको गरीवि वर्गीकरण सम्वन्धमा
९. खेलकुद विकास समितिको पदाधिकारीहरु मनोनयन सम्वन्धमा
१०. खानेपानी संचालक समितिको पदाधिकारी मनोनयन सम्वन्धमा
११. सामुदायिक कृषि फर्मको सञ्चालक समितिको पदाधिकारी मनोनयन सम्वन्धमा
१२. चिया तथा कफी विकास संस्थाको कार्यकारी समितिको पदाधिकारी मनोनयन सम्वन्धमा
१३. गाउँपालिका भित्रको अन्तर विद्यालय शिक्षक काज सरुवा सम्वन्धमा
१४. शिक्षा ज्योती आधारभूत विद्यालयको शिलालेख र आमचोक ४ को विजुलीको हाइटेन्सन पोल र तार ताङ्दाको रकम भुक्तानी सम्वन्धमा
१५. आर्थिक सहयताको लागि पेश्की रकम उपलव्ध गराउने सम्वन्धमा
१६. फोहोर मैला व्यवस्थापन सम्वन्धमा
१७. वडा नं ९ को ल्याव सञ्चालन सम्वन्धमा
१८. राहत उपलव्ध गराउने सम्वन्धमा
१९. आर्थिक सहायता सम्वन्धमा
२०. किरात राई यायोक्खालाई आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषद (CTEVT) को आंगिक शिक्षालयको रूपमा सुम्निमा बहुप्राविधक शिक्षालयमा शैक्षिक सत्र २०८१ देखि ३ वर्षे डिप्लोमा तहको सिभिल ईन्जिनियरिङ, कृषि (बालि विज्ञान) र कृषि (पशु विज्ञान) विषयमा संचालित डिप्लोमा तथा प्रमाणपत्र तह र सहिद स्मृति माध्यमिक विद्यालय,इटहरीमा +2 अध्यायनको लागि लागि यस गाउँपालिकाले गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउनको लागि अध्यायन गर्न ईच्छुक विद्यार्थीहरुलाई निम्न कोटामा छात्रवृत्तिको लागि १५ दिनको सूचना प्रकाशन गरिएकोमा तपशिल वमोजिम आवदेन प्राप्त भएकोले आर्थिक वर्ष २०८१/८२ को गाउँ सभाद्वारा विनियोजित नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विशेष छात्रवृत्ति कार्यक्रम शिर्षकवाट भुक्तानी गरिदिने ।

२०८१/६/११

०८/११/६/११

**तपशिल**

क)सुम्निमा वहुप्राविधिक शिक्षालय :सिभिल इन्जिनियरिङ तर्फ (३ जना)

- श्री अनामिका राई :आमचोक-३,भोजपुर ।
- श्री नुमा राई :आमचोक-३,भोजपुर ।
- श्री विप्लप विष्ट :आमचोक-२,भोजपुर ।

ख)सहिद स्मृति माध्यमिक विद्यालय,इटहरी होटल म्यानेजमेन्ट तर्फ (१ जना)

- श्री जेनी मगर :आमचोक-९,भोजपुर ।

ग)सहिद स्मृति माध्यमिक विद्यालय,इटहरी विज्ञान संकाय तर्फ (१ जना)

- श्री एन्जेलिका मगर :आमचोक-९,भोजपुर ।

**निर्णय नं.२**

प्रस्ताव २ माथि छलफल भई आ.व.२०८१/८२ मा नेपाल सरकार (संघीय) बाट वित्तीय हस्तान्तरित स्वास्थ्य तर्फको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महंगी भत्ता र पोषाक भत्ता शिर्षकमा रु २१५३७०००।०० (दुई करोड पन्ध्र लाख सैतिस हजार मात्र) रहेको र तलव भत्ता तथा अन्य प्रशासनीक खर्च तर्फ तपशिल अनुसार अपुग हुने भएकोले अपुग रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरी पठाउने ।

तपशिल

| क्र स | कृयाकलाप | जम्मा रकम |
|---|---|---|
| १ | कर्मचारीको तलव चाडपर्व खर्च सहित | २४०००००० |
| २ | रिक्त दरबन्दिमा थप हुने कर्मचारी को तलव भत्ता (अस्पताल तथा स्वास्थ्य चौकीमा थपहुने १० जनाको लागि) | ६०००००० |
| ३ | कर्मचारीको पोशाक भत्ता | ५००००० |
| ४ | कर्मचारीको स्थानिय भत्ता | ६००००० |
| ५ | कर्मचारीको महंगि भत्ता | ४००००० |
| ६ | बर्थिङ सेन्टरमा काम गर्ने कर्मचारी लाई रात्रि सेवा वापत खाजा खर्च | ८२१२५० |
| ७ | गाउँघर किल्निक तथा खोप किल्निक व्यवस्थापनको लागि आवश्यक औजार उपकरण खरीद | ५००००० |
| ८ | स्वास्थ्य संस्थाहरु eHMIS(EHIRRS) Software नविकरण तथा अस्पतालमा Billing software जडान | २००००० |
| ९ | स्वास्थ्य संस्थामा डिजिटल प्रणालि विकाशको लागिप्रिण्टर तथा tablet खरीद | ५००००० |
| १० | स्वास्थ्य सेवाको कर्मचारी भ्रमण खर्च | २००००० |
| ११ | औषधि भ्याक्सिन रिप्याकिङ्ग तथा ढुवानि | २००००० |
| १२ | न्युनतमन आधारभुत स्वास्थ्य सेवाको लागि दैनिक आवश्यक पर्ने उपकरणहरु खरीद तथा उपलब्ध गराउने । | ५००००० |
| १३ | स्वास्थ्य मन्त्रालय द्वारा तोकिएको दैनिक रुपमा आवश्यक सर्जिकल सामाग्री खरीद गरी उपलब्ध गराउने | ५००००० |
| १४ | बर्थिङ सेन्टरमा आवश्यक गज प्याड लगायत खर्च भएर जाने सामाग्री खरीद व्यवस्थापन | ४००००० |
| १५ | स्वास्थ्य संस्था संचालनकोलागि मसलन्द सामाग्री खरीद | ५००००० |
| १६ | बिदाको दिन (दशै तिहारका काम गरे वापतको खाजा खर्च ) | ११०००० |
| १७ | फिल्ड कार्यकर्ता खोप कार्यकर्ता र गाउँघर किल्निक यातायात खर्च | २६०००० |

२०८१/८/११ २०८१/८/११

| क्र स | कृयाकलाप | जम्मा रकम |
|---|---|---|
| १८ | स्वास्थ्य संस्थाहरुमा internet,खानेपानि,विजुलि बत्ति जडान मर्मत साथै महशुल भुक्तानि | ५००००० |
| | कुल जम्मा | ३६६९१२५० |
| | हाल प्राप्त वजेट | २१५३७००० |
| | नपुग वजेट | १५१५४२५० |

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई यस गाउँपालिकामा निर्माणाधिन १० व्याडको अस्पताल भवनको लागि वजेट माग गरिएको तर हालसम्म पनि थप वजेट नआएकोले निर्माण व्यवशायीले काम गर्न नसक्ने भनि ताकेता गरिरहेकोले पुन संघीय सरकार अर्थ मन्त्रालयमा रु.२,००,००,०००। (दुइकरोड मात्र) वजेट माग गरि पठाउने ।

**निर्णय नं.४**

प्रस्ताव ४ माथि छलफल भई चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा संघीय सरकार शसर्त तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरीद शिर्षकमा रु.१०,९३,०००। बजेट बिनियोजन भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ सोझै खरिद सम्बन्धि व्यवस्थाको उपनियम (१ क) मा २५ लाख रुपैया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएको र हाल स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरण हुने औषधिहरुको मौजदात न्यून रहेको तथा तत्काल खरिद गरी उपलब्ध गराउनु पर्ने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ क) अनुसार खरिद गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव ५ माथि छलफल हाल आमचोक गाउँपालिकाको नीति, कार्यक्रम र वजेट वमोजिम तुरुन्त तपशिल वमोजिमको कार्यविधिहरु निर्माण गर्नु पर्ने भएकोले सो कार्यविधिहरु निर्माण गरी विधायन समितिमा पेश गर्नको लागि निम्न वमोजिमको उपसिमिति गठन गर्ने ।

कार्यविधि निर्माण उपसमिति

- संयोजक : सूचना प्रविधि अधिकृत श्री नविन ढकाल
- सदस्य : प्रशासन शाखा प्रमुख श्री राजेश राई
- सदस्य : इन्जिनियर श्री विपन सुवेदी
- सदस्य : सव इन्जिनियर श्री भिमलाल गिरी

**निर्माण गर्नु पर्ने कार्यविधिहरु**

- कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धी कार्यविधि-२०८१
- नगरप्रहरी छनौट तथा परिचालन सम्वन्धी कार्यविधि-२०८१
- विपन्न जनता आवास सम्वन्धी कार्यविधि-२०८१
- स्काभेटर,व्याक्होलोडर र अन्य सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि-२०८१

प्रमुख प्रशासकीय अधिकृत 2081/6/19

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

081/6/19 अशोक राई अध्यक्ष

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिकाको गाउँसभाले विनियोजित वजेट र गाउँपालिकाको तालिम तथा गोष्ठीको खर्च गर्ने मापदण्ड वमोजिम गाउँपालिकामा सञ्चालन हुने तालिम गोष्ठिको लागि प्रशिक्षकहरु छनौट गर्नको लागि मिति २०८१ श्रावण ५ गतेको कार्यपालिकाको निर्णय वमोजिम मिति २०८१ श्रावण १४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशित भए वमोजिम तपशिल वमोजिमको फर्म तथा व्याक्तिहरुको तालिम तथा अन्य परामर्श सेवाको लागि माग भए वमोजिमको आवश्यक कागजातहरु सहित आवेदनहरु प्राप्त भएकोले तपशिल वमोजिम प्रशिक्षक र परामर्शदातामा छनौट गर्ने ।

**तपशिल**

क) साल्पा सिलिचो मेडिया प्रा.लिका प्रवन्ध निर्देशक शाहीमान राईद्वारा सञ्चालन गर्न माग भएका कार्यक्रमहरु

- आमचोक गाउँपालिकाको प्रथागत कानुनको ऐतिहाँसिक अनुसन्धान
- रोजगार रणनीति तयारी

ख) अधिवक्ता सविना राईद्वारा सञ्चालन गर्नको लागि माग भएको तालिमहरु

- शिक्षासंग जनप्रतिनिधि कार्यक्रम
- शिक्षक तथा अभिभावक अभीमुखीकरण कार्यक्रम
- महिला क्षमता बृद्धि बिकास उद्घोषण कार्यक्रम
- समविकास तालिम
- बाल विवाह न्यनिकरण सचेतना कार्यक्रम
- वालवालिका क्षमता विकास कार्यक्रम
- वालमैत्री कार्यक्रम
- अपाङ्ता क्षमता विकास कार्यक्रम
- युवा लक्षित कार्यक्रम
- न्यायिक समिति अन्तर्गतको कार्यक्रम

ग) आमचोक ३ निवासी दिपक राईद्वारा सञ्चालन गर्नको लागि माग भएको कार्यक्रम

- गरिवी कोष सञ्चालन तथा व्यवस्थापन
- सहकारी शिक्षा तथा गठन अभियान कार्यक्रम

घ) छुपलायु मेडिया कम्पनी भोजपुर नगरपालिका ७ का प्रवन्ध निर्देशक विवेक राई

- सार्वजनिक सुनुवाइ कार्यक्रम

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को अनुगमन योजना स्वीकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/८/११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

०८१/८/११
अशोक राई
अध्यक्ष

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ मा आमचोक गाउँपालिकाको गरिवि वर्गीकरणको लागि नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत रु.३०००००। रकम विनियोजन भएकोले सो कार्य वडा समिति, वडा सचिव र योजना शाखा मार्फत सम्पन्न गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८ को दफा ४ वमोजिम गठन भएको खेलकूद विकास समितिको पदावधी दफा १२ वमोजिम समापन भएकोले तपशिल वमोजिम गठन गर्ने ।

तपशिल

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति – संयोजक

- वडा नं ६ निवासी श्री राजेन्द्र वस्नेत

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित २ जना –सदस्य

- आमचोक २ निवासी सितोरिया कराँते विज्ञ श्री देवान राई
- आमचोक १ निवासी अल्ट्रा मेराथुन धावक श्री उमेश राई

(ग) गाउँ, जिल्ला,प्रदेश तथा राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना –सदस्य

- वडा नं २ निवासी प्रदेश भलिवल खेलाडी श्री देविराज विष्ट
- आमचोक ९ निवासी महिला भलिवल खेलाडी श्री रुमा श्रेष्ठ

(घ) वडा खेलकूद विकास समितिका संयोजकहरु १० जना –सदस्य

- (वडा कार्यालयबाट गठन गरी पठाउने)

(ङ) गाउ स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना –सदस्य

- (संयोजकले मनोनयन गर्ने)

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये कार्यपालिकाद्वारा मनोनित १ जना –सदस्य

- श्री पञ्चकन्या मा.वि.का प्रधानाध्यापक श्री हेम विश्वकर्मा

(छ) शिक्षा शाखा प्रमुख– सदस्य सचिव

- रोजगार संयोजक श्री दिपक कार्की

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई आमचोक गाउँपालिकाको खानेपानी ऐन २०८० को दफा ९ वमोजिम तपशिल वमोजिम खानेपानी सञ्चालक समितिको गठन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/8/11

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

081/8/11

अशोक राई अध्यक्ष

**तपशिल**

(क) गाउपालिकाको अध्यक्ष वा अध्यक्षको सिफारिसमा कार्यपालिकावाट मनोनित खानेपानीपानी सम्बन्धी अनुभव प्राप्त व्यक्ति - अध्यक्ष :

- गाउँपालिकाको उपाध्यक्ष श्री सीता राई

(ख) गाउपालिकाकाको वडा सदस्यहरु मध्येबाट कार्यपालिकाले छनौट गरेको १ महिला सहित २ जना-सदस्य

- वडा नं २ को वडा सदस्य श्री विष्णु कला राई
- वडा नं ८ को वडा सदस्य श्री रविता मगर

(ग) शेयर सदस्यहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको एक महिला सहित ५ जना -सदस्य

- गाउँ कार्यपालिकाले पछि मनोनित गर्ने

(घ) सञ्चालक समितिले तोकेको दलित समुदायको एक पुरुष र एक महिला सहित २ जना –सदस्य

- सञ्चालक समितिले मनोनित गर्ने

(ङ) गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) पुर्वाधार विकास समितिको संयोजक –सदस्य श्री रामप्रसाद राई

(छ) सामाजिक विकास समितिको संयोजक –सदस्य श्री वालदिप राई

(ज) आर्थिक विकास समितिको संयोजक –सदस्य श्री रोशन मगर

(झ) खानेपानी उपभोक्ता संस्थाको प्रवन्ध निर्देशक -सदस्य सचिव

- गाउँपालिकाले नियम वमोजिम छनौट गर्ने

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई आमचोक गाउँपालिकाको सामुदायिक कृषि फर्म संचालन ऐन २०८० को दफा ७ वमोजिम घारे सामुदायिक कृषि फर्मको देहाय वमोजिमको सञ्चालन समितिको गठन गर्ने ।

क) शेयर सदस्यहरु मध्यवाट गाउँपालिकाको अध्यक्षको सिफारिसमा कार्यपालिकाले मनोनित गरेको अध्यक्ष

- आमचोक १० निवासी श्री हरी प्रसाद राई

ख) फर्म संचालन भएको सम्वन्धित वडा समितिको सिफारिसमा वडा सदस्यहरु मध्यवाट २ जना सदस्य

- वडा नं १० का वडा सदस्य श्री पदम माया कामी
- वडा नं १० का वडा सदस्य श्री गौतम राई

ग) फर्म सञ्चालन भएको वडामा कार्यरत वा पालिकाको कृषि/पशु प्राविधिक मध्ये गाउँपालिकाले सिफारिस गरेको १ जना सदस्य

- पशु प्राविधिक श्री सिताराम नेपाल

घ) साधारण सभाद्वारा निर्वाचित १ जना उपाध्यक्ष

ङ) साधारण सभाद्वारा निर्वाचित १ जना सचिव

च) गाउँपालिका र शेयर सदस्यहरुको उपस्थितिमा हुने साधारण सभाले शेयर सदस्यहरु मध्ये निर्वाचित २ महिला,१ दलित सहित ५ जना सदस्य

प्रमुख प्रशासकीय अधिकृत 2081/7/11

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

081/7/11 अशोक राई अध्यक्ष

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई आमचोक चिया तथा कफि विकास ऐन २०८० को दफा ८ वमोजिम तपशिल वमोजिमको कार्यकारी समिति गर्ने ।

(क) गाउँपालिकाकाको अध्यक्ष- अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ग) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक -सदस्य

(घ) गाउँपालिकाले मनोनयन गरेको सम्बन्धित विषय विज्ञ दुइजना-सदस्य

- वडा नं ४ निवासी श्री रविन राई
- वडा नं २ निवासी श्री सन्दिप किरावा

(ङ) निजी लगानीकर्ताहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनयन गरेका व्यक्तिहरु ५ जना- सदस्य

(च) गाउँ कार्यपालिकाले तोकेको १ दलित सहित २ जना महिला-सदस्य

- वडा नं १ को महिला सदस्य श्री कला राई
- वडा नं ६ को दलित महिला सदस्य श्री मनिमाया वि.क.

(छ) चिया तथा कफी विकास संस्थाको कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समिति गठन भएपछि समितिले चिया तथा कफी उद्योगमा कार्यरत मजदुरहरु मध्येबाट एक जना व्यक्तिलाई दुई बर्षको लागि समितिको सदस्यमा मनोनित गर्नेछ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई गाउँ शिक्षा समितिको सिफारिस वमोजिम वडा नं ७ को श्री वाल शक्ति आधारभुत विद्यालयको शिक्षक श्री युवराज मगरलाई सोहि वडाका श्री शिक्षाज्योती आधारभूत विद्यालय हर्दिलामा काज सरुवा गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई शिक्षा ज्योती आधारभूत विद्यालयको शिलालेख तयारी गर्दा भएको खर्च रकम विल वमोजिम रु.१००००। (दश हजार) सोहि विद्यालयको प्रधानाध्यापकलाई र आमचोक वडा नं ४ मा श्रमदान मार्फत विजुलीको हाइटेन्सन पोल र तार ताङ्दाको खाना र खाजाको विल वमोजिम रु. १४५००। (चौधहजार पाँचसय मात्र) आमचोक ४ को एवन होटललाई नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई कार्यपालिकाको निर्णय वमोजिम आर्थिक सहायताका लागि नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट सम्वन्धित व्यक्तिलाई आर्थिक सहायता दिनको लागि प्रशासन शाखा प्रमुख श्री राजेश राईलाई रु.५०००००। (पाँचलाख मात्र) पेश्की उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/8/11

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालुवा, भोजपुर

081/8/11

अशोक राई अध्यक्ष

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल भई आमचोक गाउँपालिकाको ३ वटा वजार केन्द्रहरुमा तपशिल वमोजिम साप्ताहिक रुपमा गाउँपालिकाको ट्र्याक्टरवाट डम्पिङ साइडसम्म फोहोर मैलालाई पुर्याउने ।

- आमचोक ४ वालंखा- आइतवार
- आमचोक ६ वयाङ-विहिवार
- आमचोक ९ दुम्माना-शुक्रवार

**निर्णय नं.१७**

प्रस्ताव नं. १७ माथि छलफल भई आमचोक ९ दुम्मानामा प्रत्येक महिनाको ५ गते स्वास्थ्य ल्याव सञ्चालन गर्ने । ५ गते सार्वजनिक विदा पर्न गएमा ६ गते सञ्चालन गर्ने ।

**निर्णय नं.१८**

प्रस्ताव नं. १८ माथि छलफल भई मिति २०८१ असोज ९ देखि १२ गतेसम्म आएको अविरल वर्षादको कारण आमचोक वडा नं. ८ र ९ मा दुधकोशीको वहाव वढेर ठूलो क्षेति भएकोले प्रहरीको सर्जिमिन मुचुल्का र वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट सम्वन्धित वडामा गई तपशिल रकम राहत स्वारुप वितरण गर्ने ।

तपशिल

**तपशिल**

| क्र.सं. | नाम | वडा नं | क्षेति | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनमाया राई | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| २. | महेन्द्र तामाङ | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ३. | जस वहादुर राई | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ४. | दान वहादुर राई | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ५. | जंग वहादुर राई | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ६. | रत्न वहादुर राई | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ७. | गोविन्द निरौला | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ८. | हस्त वहादुर विक | ८ | खेत,धान र वाँसको क्षेती | ८००० | आठहजार |
| ९. | गणेश राई | ९ | पहिरोले घरलाई क्षेती | १०००० | दश हजार |
| १०. | पृथ्वीमान श्रेष्ठ | ९ | धनवाली सहितको खेत क्षेती | ५००० | पाँच हजार |

प्रमुख प्रशासकीय अधिकृत 2081/8/11

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

081/8/11

अशोक राई अध्यक्ष

**निर्णय नं.१९**

प्रस्ताव नं. १९ माथि छलफल भई प्रहरीको सर्जिमिन मुचुल्का,अस्पतालको रेकर्ड र वडाको सिफारिसकोको आधारमा तपशिल वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षक वाट भुक्तानी दिने ।

| क्र.सं. | नाम | वडा नं | कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मान वहादुर श्रेष्ठको छोरा प्रियन्स श्रेष्ठ | ९ | मुटु र फोक्सोको रोगी भइ टिचिङ अस्पताल काठमाण्डौमा उपचारत भएको | १०००० | दश हजार |
| २. | वर्ष ६३ को जमान सिं राई | ८ | क्यान्सर रोगी भएको | १०००० | दश हजार |
| ३. | वडा नं ५ घर भइ हाल वडा नं ८ मा वसोवास गरिरहेको थाम वहादुर राई | ८ | २०८१ कार्तिक १ गते आग्लागी भइ घर र अन्य अन्नवाली गरी रु.४ लाख वरावरको क्षेती र नागरिक्ता नष्ट भएको | १०००० | दश हजार |
| ४. | लक्ष्मी माया राई | ४ | श्रीमानको खुकुरी प्रहारवाट सख्त घाइते भइ धरान वीपी कोइराला विज्ञान प्रतिष्ठानमा उपचारत रहेको र श्रीमानले पनि आत्माहत्या गरी सकेकोले उपचार खर्च वापत | ३५००० | पैतिस हजार |
| ५. | रविन राई | ३ | रविन राईको श्रीमती विर्सिका राईको नोवल अस्पताल विराटनगरमा अप्रेशन गर्दा मृत्यभइ घरसम्म लास ढुवानी वापत | २०००० | विस हजार |
| ६. | सिंह वहादुर मगर | ५ | फोक्सोमा पानी जमी सिटी अस्पताल विराटनगरमा उपचारत | १०००० | दश हजार |
| ७. | फुर्दिकी शेर्पा | १ | लिभर क्रोनिक भइ वीपी कोइराला विज्ञान प्रतिष्ठानमा उपचारत रहेको | १०००० | दश हजार |
| ८. | राम वहादुर राईको श्रीमती श्याम माया राई | ८ | कलेजोको समस्याको कारण उपचारत रहेको | १०००० | दश हजार |
| ९. | जगजित राईको छोरा अम्वर वहादुर राई | ८ | मुटु सम्वन्धी उपचारत रहेको | १०००० | दश हजार |
| १०. | अमर दर्जीको श्रीमती सरमाया दर्जी | ८ | मुटु,थाइराईट र उच्च रक्तचापको कारण उपचारत | १०००० | दश हजार |

**निर्णय नं.२०**

प्रस्ताव नं. २० माथि छलफल भई किरात राई यायोक्खा,भोजपुरले भोजपुर सदर मुकाममा भ्रष्टचार विरुद्ध अभियान को लागि आर्थिक सहायता माग गरे वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षक वाट रु.१००००।(दशहजार) भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष